नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
# भूमिसुधार तथा व्यवस्थापन विभाग
( राजस्व तथा लेखा शाखा )

फ्याकस: ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन: ४२२५९८२
निर्देशक योजना: ४२२६९८८
आ.प्र.शाखा: ४२६६४९३
क.प्र.शाखा: ४२६६४९३
सा.प्र.शाखा: ४२६६४९३
पि.ए. ४२२००२८

पत्र संख्या:- ०७०।७१
चलानी नं.:- ५९३

बबरमहल, काठमाडौं।
मिति:-२०७०।०६।२०

विषय:- रजिष्ट्रेशन दस्तुर बाँडफाँड सम्बन्धमा।

श्री मालपोत कार्यालयहरु,
सबै ।

उपर्युक्त विषयमा विभागको प.सं.०७०।७१ च.नं.८३४ मिति ०७०।०६।१४ को रजिष्ट्रेशन दस्तुर बाँडफाँड गर्ने बारेको परिपत्र प्राप्त गरी व्यहोरा अवगत भएकै होला । उक्त परिपत्रको रजिष्ट्रेशन दस्तुर बाँडफाँड गर्ने बारेको दोश्रो पेजको रु.१० करोडसम्मको अर्थात रु.५ करोडमा संचित कोष दाखिला हुनेमा ९०% ले रु.४,५०,००,०००।- हुनुपर्नेमा अन्येथा भएकोले सो अनुसार गर्न गराउनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

शाखा अधिकृत

बोधार्थ:-
श्री महालेखा परिक्षकको कार्यालय,
उद्योग वाणिज्य र भूमिसुधार निर्देशनालय,
बबरमहल ।
श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय,
सिंहदरवार ।

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय

# भूमिसुधार तथा व्यवस्थापन विभाग

(राजस्व तथा तिरो शाखा)

| | |
|---|---|
| फ्याक्सः | ४२३०५८५ |
| महानिर्देशकः | ४२२३०४९ |
| निर्देशक प्रशासनः | ४२२५९८२ |
| निर्देशक योजनाः | ४२२६९८८ |
| आ.प्र.शाखाः | ४२६६४९३ |
| क.प्र.शाखाः | ४२६६४९३ |
| सा.प्र.शाखाः | ४२६६४९३ |
| पि.ए. | ४२२००२८ |

पत्र संख्या:- ०७०।७१
चलानी नं.:- ८३४

बबरमहल, काठमाडौं ।
मितिः-२०७०।६।१४

विषयः- रजिष्ट्रेशन दस्तुर बाँडफाँड सम्बन्धमा ।

श्री मालपोत कार्यालयहरु,
सबै ।

उपर्युक्त विषयमा गत आ.व.०६८।६९ देखि अन्तिम लेखापरीक्षण गर्ने सन्दर्भमा स्थानिय स्वायत्त शासन नियमावली २०५६ को नियम २११ को अनुसूचि २६ मा घरजग्गा रजिष्ट्रेशनबाट उठेको कूल राजस्वको स्थानिय निकायले पाउने (जिल्ला विकास समिति र नगरपालिका) रकमको बाँडफाँड गर्ने तरिकाको व्यवस्था भूमिसुधार तथा व्यवस्थापन विभागले मिति ०६२।४।७ र मिति ०६२।७।८ मा गरेको परिपत्रमा रजिष्ट्रेशन दस्तुर बाँडफाँड गर्ने तरिकाको उदाहरण सहितको परिपत्र गरिसकेकै छ ।

स्थानिय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ को अनुसूचि २६ मा भएको व्यवस्था तथा विभागबाट मिति ०६२।७।८ मा गरेको परिपत्र भन्दा धेरै जसो मालपोत कार्यालयहरुबाट भिन्न तरिका बाट रजिष्ट्रेशन शुल्क बाँडफाँड गरी जि.वि.स.मा बढी र राजस्वमा घटी रकम पठाएको भनि महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुंदा विगत आर्थिक वर्ष देखि ठूलो परिमाणको वेरुजु रकम उल्लेख हुदै आएको छ । अन्तिम लेखापरीक्षण बाट उठाइएका वेरुजु रकम बृद्धि हुदै आएको सन्दर्भमा स्थानिय स्वायत्त शासन नियमावली, २०५६ मा गरिएको भएको व्यवस्था र यस विभागको मिति ०६२।७।८ मा गरिएको परिपत्रमा स्पष्ट गरेको व्यवस्था अनुसारनै रजिष्ट्रेशन शुल्क असुलीको बाँडफाँड सम्बन्धमा निम्न अनुसार गर्न गराउन हुन आदेशानुसार अनुरोध गरिन्छ ।

०७०।६।१४
शाखा अधिकृत

## रजिष्ट्रेशन दस्तुर बाँडफाँड गर्ने तरिका

| जम्मा असुली रकम (श्रावण देखि आषाढ सम्म) रु. | प्रतिशत | स्थानिय निकायले (जिल्ला विकास समिति तथा नगरपालिकाले) पाउने रकम रु. | प्रतिशत | संचितकोष दाखिला हुने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| पहिलो रु.५०,००,०००।- लाख सम्म अर्थात रु.५०,००,०००।- मा | ९०% | रु.४५,००,०००।- | १०% | रु.५,००,०००।- | |
| त्यसपछिको रु.१,००,००,०००।- सम्म अर्थात रु.५०,००,०००।- | ६०% | रु.३०,००,०००।- | ४०% | रु.२०,००,०००।- | |
| त्यसपछिको रु.२,००,००,०००।- सम्म अर्थात रु.१,००,००,०००।- मा | ३०% | रु.३०,००,०००।- | ७०% | रु.७०,००,०००।- | |
| त्यसपछिको रु.३,००,००,०००।- सम्म अर्थात रु.१,००,००,०००।- मा | २०% | रु.२०,००,०००।- | ८०% | रु.८०,००,०००।- | |
| त्यसपछिको रु.५,००,००,०००।- सम्म अर्थात रु.२,००,००,०००।- करोड मा | १५% | रु.३०,००,०००।- | ८५% | रु.१,७०,००,०००।- | |
| त्यसपछिको रु.१०,००,००,०००।- सम्म अर्थात रु.५,००,००,०००।- मा | १०% | रु.५०,००,०००।- | ९०% | रु.१,५०,००,०००।- | |
| त्यसपछि बाँकी जतिसुकै रकममा पनि | ५% | ........................ | ९५% | ...................... | |
| जम्मा | | रु......................... | | ...................... | |

**बोधार्थः-**

श्री महालेखा परिक्षकको कार्यालय,

उद्योग वाणिज्य र भूमिसुधार निर्देशनालय,

बबरमहल ।

श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय,

सिंहदरबार ।

...............................

०६०।६।१८